# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : ४ मिति : माघ २४, २०८०

## भाग - १

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरीएको छ ।

## विनियोजन (पहिलो संशोधन) ऐन, २०८०

**नगर सभाबाट स्वीकृत मितिः २०८०।१०।२३**

उर्लाबारी नगरपालिकाको विनियोजन ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगरपालिकाको नगर सभाले देहायको ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनियोजन (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. उर्लाबारी नगरपालिकाको विनियोजन ऐन, २०८० को दफा २ मा सशोधनः** उर्लाबारी नगरपालिकाको विनियोजन ऐन, २०८० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ ।

२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १२६९५०९९९५।० (अक्षरेपी एक अरब छब्बिस करोड पन्चानब्बे लाख नौ हजार नौ सय पन्चानब्बे मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **"मूल ऐन" को अनुसूची-१ मा संशोधनः** मूल ऐनको अनुसूची-१ को सट्टा देहायको उपदफा (१) राखिएको छ ।

# अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १. | उर्लाबारी नगरपालिका | ५७३६३९९९५।० | ६९५८७००००।० | १२६९५०९९९५।० |
| | जम्मा | ५७३६३९९९५।० | ६९५८७००००।० | १२६९५०९९९५।० |

आज्ञाले,

अर्जुन निरौला

प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. ५।-*